मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कम्हरिया, रुपन्देही

लुम्बिनि प्रदेश , नेपाल

(प्रथम पटक प्रकाशितमितिः २०७८।२।२०)

अत्यावश्यक औषधि तथा औषधी जन्य सामानहरु खरीद सम्बन्धी **शिलबन्दी** दरभाउपत्र आव्हानको सूचना

मायादेवी गाउंपालिका,रूपन्देही अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरु तथा आयुर्बेद औषधालयको लागि आ.व.२०७७।७८ को स्वीकृत कार्यक्रम अनुसार अत्यावश्यक औषधि तथा औषधी जन्य सामानहरु खरिद एवं आपुर्ति गर्नुपर्ने भएकाले औषधि तथा औषधी जन्य सामानहरु सप्लाई गर्न इजाजत प्राप्त इच्छुक बिक्रेताफर्म वा संस्थाहरुवाट रीतपूर्वक शिलवन्दी दरभाउपत्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो शिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. शिलवन्दी दरभाउपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्द्र) दिन भित्र कार्यालय समयमा यस कार्यालयवाट रु.१,०००।०० (रुपैया एक हजार मात्र) पछि फिर्ता नहुने गरि बुझाई नगदी रसिद सहित शिलवन्दी दरभाउपत्र दाताले आ.व.२०७७।७८ का लागि नविकरण गरेको उक्त सामान सप्लाई गर्ने अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखानम्वर PAN र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व.२०७६।७७ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन पेश गरि खरिद गर्न सकिने छ ।

२.खरिद गरेको बोलपत्र यस सूचना तथा शिलवन्दी दरभाउपत्र पुस्तिकामा उल्लेख भएका शर्तहरुका अधिनमा रही रितपूर्वक भरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ (सोह्रौ) दिन दिनको १२:०० बजे भित्र दाखिला गर्ने, बोलपत्रमा सहीछाप गरि खामबन्दी गरी खामको बाहिरी भागमा यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण र शिलवन्दी दरभाउपत्र दाताको नाम ठेगना खुलाई फर्मको छाप लगाई खाम सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तोकिएको समयपछि प्राप्त भएको शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन । यसरी दर्ता भएका शिलवन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ )

दिनको २.०० खोलिने छ । शिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलवन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. शिलवन्दी दरभाउपत्र साथ आफूले आपूर्ति गर्ने प्रत्येक औषधिको र सामाग्रीहरुको स्पेसिफिकेशन अनुसारको औषधि कम्पनीहरुको WHO, GMP प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

५. शिलवन्दी दरभाउपत्र साथ तपसिलमा उल्लेखित जमानत बापतको रकम यस कारयालयको नाममा रहेको प्राइम कमर्शियल बैंक,बेथरी स्थित धरौटी खाता नं. ०६४००१६५CA मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५(पचहत्तर) दिन म्याद भएको सक्कल बैङ्क ग्यारेण्टी (Bid Bond) पेश गर्नुपर्ने छ ।

६. शिलवन्दी दरभाउपत्र मू.अ.कर बाहेकको दररेट अंक र अक्षर दुबैमा लेख्नु पर्ने छ । अंक र अक्षरमा भिन्नता पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । शिलवन्दी दरभाउपत्र केरमेट भएको ठाँउमा सहीछाप नगरेको, म्याद नाघी आएको,रित नपुगेको र शर्त राखिएको भएमा मान्यता दिइने छैन ।

७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । आवक्कयकता अनुसार शिलवन्दी दरभाउपत्रमा उल्लेख भएको औषधीको परिमाण थपघट भएको अवस्थामा पनि शिलवन्दी दरभाउपत्र दाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनुपर्ने छ । साथै स्वीकृत भएको दररेट २०७८ साल असार मसान्तसम्मको लागि मान्यहुनेछ ।

८. शिलवन्दी दरभाउपत्र दाताले आफूले खरदि गरेकै शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।फोटोकपि गरेको, यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको शिलवन्दी दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाइने छैन र कुनै शर्त राखि पेश गर्न पाइने छैन ।

९. स्वीकृत शिलवन्दी दरभाउपत्र दाताले औषधि, तथा औषधी जन्य सामानहरुमा अंकित मूल्य भन्दा बढी दर राखी दिनपाइने छैन । स्वीकृत शिलवन्दी दरभाउपत्र अनुसारको सामानको एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरीद गर्न सकिनेछ । साथै सप्लाई गरिने औषधिको म्याद स्टोरमा दाखिला हुँदाको वखत कम्तिमा १८ महिना बाँकि हुनुपर्ने छ, तर कुनै औषधिको जम्मा म्याद नाघ्ने मिति १८ महिना भन्दा कम भएमा औषधिको जम्मा एक्सपायर अबधि ७५ प्रतिशत बाँकि हुनुपर्ने छ ।

१०. रीत नपुगेको शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाहि गरिने छैन । साथै शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता भएको ७ ( सात) दिन भित्र यस कार्यालयको स्टोर शाखामा औषधि तथा औषधी जन्य सामानहरु बुझाउनु पर्नेछ र औषधिको केहि अंश अथवा सम्पूर्ण औषधि नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम कारवाही हुनेछ र बिल भुक्तानी गर्दा लाग्ने सम्पूर्ण करहरु शिलवन्दी दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

११. शिलवन्दी दरभाउ पत्र स्वीकृत पश्चात आपुर्ति गरिने औषधि शिलवन्दी दरभाउपत्र पुस्तिकामा उल्लेख भएको स्पेसिफिकेसन वमोजिम औषधि ब्यवस्था विभागमा दर्ता भएका गुणस्तरीय हुनु पर्नेछ । प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं. स्पष्ट रुपमा उललेख गर्नुपर्ने र**"Free Supply for Ministry of Health, Nepal"**र**"नेपाल सरकारद्धारा निःशुल्क वितरणको लागि"**भन्ने उल्लेख भएको हुनुपर्नेछ ।

१२. शिलवन्दी दरभाउपत्र दाताले BOQ मा औषधि उत्पादन गर्ने कम्पनिको नाम अनिर्वाय उल्लेख गर्नुपर्नेछ ।

१३. शिलवन्दी दरभाउपत्र सम्बन्धीअन्य केहि कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

१४.यस सुचनामा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेखनभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | ईष्टिमेट अंक ( मु.अ.कर सहित) | शिलबन्दी दरभाउपत्र जमानत रकम रु. | शिलबन्दी दरभाउपत्र खरदि रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०७७/०७८( स्वास्थ्य) | औषधी तथा औषधी जन्य सामानहरु खरीद | रु.१६४९०००।०० | ४४५००।०० | १०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत